म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- १३१ २०७९ चैत २१ गते मंगलबार 4 April 2023, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

## एसईईमा नक्कली परीक्षार्थी

हेटौंडाः धादिङ जिल्लाको खनियाबास गाउँपालिका-५ मा एसईई दिने नक्कली विद्यार्थी पक्राउ परेको छ। पक्राउ पर्नेमा खनियाबासमा रहेको बच्छलादेवी माध्यामिक विद्यालय सत्यदेबी केन्द्रको १२ कक्षामा अध्ययनरत १७ वर्षीय सन्जय तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। आईतबार तामाङ परीक्षा दिइरहेको अवस्थामा शंका लागी शिक्षकले सोधपुछ गर्ने क्रममा सोही विद्यालयमा अध्ययनरत १६ वर्षीय राज तामाङको ग्रेडबृद्धि परीक्षामा दिइरहेको पाइएको प्रहरीले जनाएको छ। तामाङलाई नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय दार्खामा लगी अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

# सहकारी दिवसमा प्रभातफेरी, प्रवचन र दीप प्रज्ज्वलन



*प्रभातफेरीपछि आयोजित सभामा सहभागी सहकारीकर्मीहरु ।*

समाज संवाददाता

हेटौंडाः ६६ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा हेटौंडामा प्रभातफेरी, प्रवचन र दीप प्रज्ज्वलन गरिएको छ। दिवसको अवसरमा सोमबार बिहान हेटौंडा-४ स्थित भुटनदेवी माविको खेलमैदानमा भेला भई सहकारी अभियन्ता, सहकारीका सञ्चालक, व्यवस्थापक, कर्मचारी, सदस्यहरुले हेटौंडा बजार क्षेत्रको परिक्रमा गरी हेटौंडा-२ स्थित पल्पसा सभागृहमा सभामा परिणत भएको थियो।

प्रभातफेरीमा जिल्लाका विभिन्न स्थानबाट सहकारीकर्मीको सहभागिता रहेको थियो। प्रभातफेरीमा हजारौंको सहभागिता रहेको थियो। प्रभातफेरीपछि आयोजित सभामा सहकारीकर्मीको प्रवचन कार्यक्रम रह्यो। प्रदेशस्तीय समिति गठन गरी राष्ट्रिय सहकारी दिवस मनाइएको थियो। सहकारी दिवस प्रदेशस्तरीय समितिका संयोजक नारायणप्रसाद देवकोटाको अध्यक्षता तथा मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा प्रदेश दुग्ध सहकारी बोर्ड, विषयगत सहकारी संघका अध्यक्षहरुको सहभागिता रहेको थियो।

तीन दिवसीय सहकारी दिवसको पहिलो दिन शनिबार रक्तदान कार्यक्रम गरिएको थियो भने दोस्रो दिन आइतबार मानवसेवा आश्रममा आश्रितलाई खाना खुवाइएको थियो। तेस्रो तथा अन्तिम दिन सोमबार बिहान प्रभातफेरी तथा प्रवचन र साँझ दीपावली गरी सहकारी दिवस समापन भएको छ।

एसईईको तेस्रो दिन

## नेपालीमा १२३ परीक्षार्थी अनुपस्थित

समाज संवाददाता

हेटौंडाः माध्यमिक शिक्षा परीक्षा (एसईई) को तेस्रो दिन सोमबार अनिवार्य नेपाली विषयको परीक्षा भएको छ। नेपाली विषयको परीक्षामा १ सय २३ जना परीक्षार्थी अनुपस्थित भएका छन्। ४५ जना छात्रा र ७८ जना छात्र परीक्षामा अनुपस्थित भएका हुन्।

६ हजार १ सय ५६ जना विद्यार्थी परीक्षामा सहभागी भएका छन्। ३ हजार ३ सय ६१ जना छात्रा २ हजार ७ सय ९५ जना छात्र परीक्षामा सहभागी भएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्राविधिक प्रेमचन्द्र चौधरीले जानकारी दिनुभएको छ। प्राविधिक सहायक चौधरीका अनुसार एकजना किरियापुत्री परीक्षार्थीले पनि परीक्षा दिएका छन्। यस्तै हेटौंडा-५ स्थित बालज्योति माध्यमिक विद्यालयका २ जना दृष्टिविहीन विद्यार्थीले सहयोगीको साथमा परीक्षा दिएका छन्। चैत २९ गतेसम्म संचालन हुने परीक्षाको चौथो दिन मंगलबार अनिवार्य विज्ञानको परीक्षा हुँदैछ।

समृद्ध समाज राष्ट्रिय दैनिक

Email:sambridhasamaj@gmail.com

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

मकवानपुर कै पहिलो अन्तर्राष्ट्रिय गुणस्तर चिन्ह प्राप्त ( ISO certified )यस Progressive बिद्यालयमा शैक्षिकसत्र २०८० का लागि भर्ना खुलेको सहर्ष जानकारी गराइन्छ ।

Entrance Examinations:
2080 Baishakh 3 & 5

हाम्रा बिशेषताहरु :

- Project - Based Learning
- बालमैत्री वातावरण भएको
- पूर्ण अङ्ग्रेजी वातावरण
- नि:शुल्क आधार निर्माण कक्षा संचालन
- भौतिक उपस्थिति हुन नसक्ने अवस्थामा बिद्यार्थीको लागि अनलाइन अध्ययन - अध्यापनको वातावरण
- नि:शुल्क Robot निर्माण कक्षा संचालन
- नृत्य , गायन , मार्सल आर्ट , चित्रकला सम्बन्धि कक्षा संचालन
- Night Camping & Hiking कार्यक्रम
- Swimming कार्यक्रम
- जिल्ला तथा राष्ट्रिय स्तरीय परीक्षामा उत्कृष्ट नतिजा
- बिद्यालय परिसर भित्रै फुटसल मैदान , भलिबल , ब्याट्मिन्टन , क्रिकेट , टेबुलटेनिसको ब्यबस्था

Please, scan this QR code to visit our Facebook Page.

Tasir School Hetauda -7, Makawanpur

057 - 530443 / 9855010443 / 9855070443

www.tasirschool@gmail.com

# इन्धनको मूल्य घट्यो

समाज संवाददाता

हेटौंडाः नेपाल आयल निगमले इन्धनको मूल्य घटाएको छ। सोमबार बसेको निगम सञ्चालक समिति बैठकले डिजेल, मटीतेल र हवाई इन्धनको मूल्य लिटरमा १०/१० रुपैयाँले र पेट्रोलको मूल्य लिटरमा ३ रुपैयाँले घटाउने निर्णय भएको निगमका कार्यकारी निर्देशक उमेशप्रसाद थानीले जानकारी दिए।

निगम सञ्चालक समितिको सो निर्णयसँगै अब डिजेल र मटीतेलको खुद्रा मूल्य प्रतिलिटर १६५ रुपैयाँ कायम भएको छ। घटेपछिको नयाँ मूल्य अनुसार हवाई इन्धन आन्तरिकतर्फ १६० रुपैयाँ प्रतिलिटर र बाह्यतर्फ डलर १.३५० प्रतिलिटर कायम भएको छ।

यस्तै पेट्रोलको मूल्य लिटरमा ३ रुपैयाँले घटाएर १७५ रुपैयाँ कायम गरिएको छ। खाना पकाउने ग्याँसको मूल्य भने प्रतिसिलिण्डर १८ सय रुपैयाँमै यथावत् राखिएको छ। पछिल्लो समय भारतबाट मूल्य घटेर आएको र इन्धनको उच्च मूल्यका कारण अर्थतन्त्र नै शिथिल बन्न थालेपछि आर्थिक चापका बाबजुद निगम मूल्य कटौती गर्ने अवस्थामा पुगेको निगमका कार्यकारी निर्देशक थानीले दाबी गरे।

हार्दिक बधाई



मकवानपुर घरजग्गा व्यवसायी संघका अध्यक्ष तथा रोहनी हाउजिङ कम्पनीका सञ्चालक श्री **ध्रुव घिमिरे** काठमाण्डौमा सम्पन्न भएको **नेपाल जग्गा तथा आवास विकास महासंघको प्रथम अधिवेशन**बाट महासचिव जस्तो गरिमामय पदमा सर्वसम्मत निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

पवन तिमल्सिना, सञ्चालक

**एवम् स्वस्तिक हाउजिङ प्रालि परिवार**

**हेटौंडा-२, मानसचोक**



## सम्पादकीय

# भर्नासँगै टिकाउन जरुरी

विद्यालय उमेरका सबै बालबालिकाको शिक्षा हासिल गर्ने अधिकार सुनिश्चित गर्ने उद्देश्यले विद्यार्थी भर्ना अभियान सञ्चालन गरिँदै आएको छ । सरकारले विद्यालय शिक्षालाई प्रभावकारी बनाउन वर्षेनि शैक्षिक सत्रको सुरुमा विद्यार्थी भर्ना अभियान सञ्चालन गर्न विशेष आग्रह गर्दै आएको छ । झण्डै २ दशक अघिदेखि यस्तो अभियान सञ्चालन गरेर विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा ल्याउने प्रयत्न गरिँदै आएको हो । सामुदायिक तथा संस्थागत विद्यालयहरुले सरकारको आह्वानअनुरुप विद्यार्थी भर्ना अभियान सञ्चालन गर्दै आएका छन् । कतिपय विद्यालयहरुले भने आफ्नो विद्यालयमा विद्यार्थी संख्या बढाउन भर्ना अभियानसँगै घरदैलो कार्यक्रमसमेत गर्दै आएका छन् । विद्यालय जाने उमेर समूहका लाखौं बालबालिका विद्यालय बाहिरै रहेको अवस्थामा यस्तो भर्ना अभियान प्रभावकारी हुनसक्ने यसरी भर्ना भएका विद्यार्थीलाई टिकाउनुमा यसको सार्थकता रहन्छ । अभियानमार्फत् भर्ना भएका विद्यार्थीले पढाइलाई निरन्तरता नदिँदा भर्ना अभियान निरर्थक बन्ने गर्दछ ।

अहिले चालु शैक्षिक सत्र अन्त्यतिर छ । अधिकांश विद्यालयहरुमा कक्षा ९ सम्मको वार्षिक परीक्षा सकिएको छ । परीक्षा सकिएसँगै विद्यालयले उत्तर पुस्तिका परीक्षण र नतिजाको तयारी गरिरहेका छन् । यसै क्रममा कतिपय विद्यालयका शिक्षक, कर्मचारी, व्यवस्थापन समितिका पदाधिकारीले भने भर्ना अभियान लिएर घरदैलो सुरु गरेका छन् । हेटौंडा-४, कर्रास्थित श्रमिक मावि‌ले पनि नयाँ विद्यार्थी भर्नाका लागि आइतबारबाट घरदैलो सुरु गरेको छ । दुईवटा समूह बनाएर विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक, कर्मचारी, विद्यार्थी, पूर्वविद्यार्थी विद्यालयको सेवाक्षेत्रको घरदैलो पुगेका छन् । विद्यालयले दुई दिन लगाएर घरदैलो गरेको हो । विद्यालयमा अंग्रेजी माध्यममा समेत कक्षा सञ्चालन भएको, शैक्षिक गुणस्तरमा सुधारको प्रयास भइरहेको, पूर्वप्राथमिक कक्षाको व्यवस्थापनलाई जोड दिइएको विषय समुदायमा पुर्‍याउन विद्यालयले घरदैलो गरेको बताइएको छ । विद्यालयले घरदैलो गरेर विद्यालय छाडेका तथा विद्यालय नै नगएका विद्यार्थीसमेत उल्लेख्य फेला पारेको भए पनि त्यस्ता विद्यार्थी भर्ना गरेर टिकाउनु चुनौतीपूर्ण हुने देखिन्छ ।

विशेषगरी शैक्षिक सत्रको सुरुवातमा विद्यालय नआएका विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालय शिक्षामा सहभागी गराउन सरकारले भर्ना अभियानमा जोड दिएको हो । यसैअनुरुप विद्यालयहरुले पनि आ-आफ्नो सेवाक्षेत्रमा भर्ना अभियान सञ्चालन गर्दछन् । भर्ना अभियानबाट विद्यालय बाहिर रहेको उल्लेख्य संख्यामा विद्यार्थीहरु विद्यालयमा भर्ना भएको तथ्यांकले देखाउने पनि गरेको छ । तर, भर्ना भएका विद्यार्थीलाई विद्यालयमा टिकाइराख्नेतर्फ अझ धेरै मिहिनेत गर्नुपर्ने अवस्था अन्त्य भएको छैन । भर्ना अभियानबाट विद्यालय बाहिर रहेका विद्यार्थी विद्यालय आए पनि विद्यालय आएका ती विद्यार्थी र अन्य विद्यार्थी टिकाउन नसक्दा अभियानको सार्थकता रहँदैन । कमजोर आर्थिक अवस्था भएका र सचेतना कम भएका अभिभावकका बालबालिकाले बीचमै विद्यालय छाड्ने अवस्था कम गर्न विगतमा जनप्रतिनिधिबाट त्यस्ता विद्यार्थीको अभिभावकत्व ग्रहण गर्ने अभियान सुरु भएको भए पनि त्यसले निरन्तरता नपाउँदा प्रभावहीन बनेको छ ।

विद्यालय जाने उमेरका बालबालिका विद्यालय नजानु एउटा समस्या हो भने विद्यालय भर्ना भएका विद्यार्थीले बीचमै पढाई छाड्नु थप चुनौती बनेको छ । कक्षा १ मा भर्ना भएका आधा विद्यार्थी पनि कक्षा १० सम्म नपुग्नुले विद्यालयमा विद्यार्थी टिकाउन नसकेको छर्लङ्ग हुन्छ । यसकारण संघीय, प्रदेश तथा स्थानीय सरकारले विद्यालयमा भर्ना भएका विद्यार्थीलाई विद्यालयमै टिकाएर विद्यालय शिक्षा पूरा गराउन विशेष निगरानी र सहजीकरण गर्नु आवश्यक छ । विद्यालयहरुले पनि विद्यार्थी भर्नासँगै उनीहरुले बीचमै पढाई छाड्नसक्ने सम्भावनालाई सूक्ष्मरुपले अध्ययन गरी त्यसको निराकरण गर्नुपर्छ । यसका लागि विद्यार्थी भर्नासँगै विद्यार्थी टिकाउन आवश्यक उपायहरु अवलम्बन ग रिनु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : स्वास्थ्य समस्याबाट बच्दा राम्रो ।
**वृष** : उदेश्य र आकांक्षा पूर्ण हुने समय छ ।
**मिथुन** : सम्पर्क र सम्बन्धको दायरा फराकिलो होला ।
**कर्कट** : गुमेको वा सापटी धन बिस्तारै हात पर्ने योग छ ।
**सिंह** : अनाहकमा नगरेको कामको अवगाल आइपर्ला ।
**कन्या** : सामाजिक तथा धार्मिक कृत्यमा सरिक भइएला ।
**तुला** : योजना बनाएर अगाडि बढ्दा राम्रो हुने समय ।
**वृश्चिक** : धार्मिक तथा सामाजिक काममा सरिक भइने समय छ ।
**धनु** : संयसताका साथ अगाडि बढ्दा राम्रो रहला ।
**मकर** : नयाँ वस्तुप्रति आकर्षण बढ्ने समय योग छ ।
**कुम्भ** : थकान र बेचैनी बढ्ने समय योग देखिन्छ ।
**मीन** : बौद्धिक र दार्शनिक क्रियाकलापका कामबाट धनार्जन होला ।

# दशरथ रंगशालामा किन आउन छाडे दर्शक ?

**अनिष लामिछाने**

यो फोटो आजभन्दा १० वर्षअगाडि दशरथ रंगशालामा म पहिलो पटक नेपाली फुटबल प्रत्यक्ष हेर्न गएको बेलाको हो ।

शनिबारको दिन दिउँसो भएको सो खेल बंगलादेशविरूद्धको मैत्रीपूर्ण खेल थियो। दिउँसोको खेल अनि त्यो बेला टिकट अनलाइन काट्ने व्यवस्था थिएन, त्यसैले त्यो खेल हेर्न बिहानै ६ बजे म र मेरो अरू दुई जना साथीहरू धुलिखेलबाट निस्केका थियौं । करिब २/३ घण्टा लाइनमा बसेपछि टिकट हात परेको थियो।

त्यो बेला न त दिउँसोको घाम छेक्ने छत थियो न त मज्जाले बस्न मिल्ने सिट । त्यही पनि, अहिलेभन्दा १० वर्ष अगाडि त्यही रंगशालामा साधारण टिकटको रु. ५०० तिरेर खेल हेर्न गएको थियौं ।

त्यो बेला क्रेज पनि छुट्टै थियो, जुमनु राई, अनिल गुरूङ, सागर थापा, सन्दीप राई, विकास मल्ल लगायतका स्टारहरु ।



*१० वर्षअघिको रंगशाला।१० वर्षअघिको रंगशाला ।*

अहिले अपसोच, विगत १० वर्षमा न त टिकटको मूल्य बढ्यो न त नेपाली फुटबलको स्तर नै । अहिले काठमाडौंमा जारी थ्री नेसन्स कप अन्तर्गत नेपालको खेलमा दर्शकको कमी हुनुको कारण के हो ? टिकटको मूल्य बढी भएर ? कदापी हैन ।

१० वर्ष अगाडि त्यही ५०० तिरेर नेपालको मैत्रीपूर्ण खेल हेर्न भरीभराउ हुनेगर्थ्यो, दशरथ रंगशाला । अझ टिकट 'ब्ल्याक' मा बेच्नेहरू पनि हुनेगर्थे । ५०० को टिकटलाई २००० सम्म लिने गर्थ्यो ।

यही ताल रहिरहने हो र अझै पनि सम्बन्धित निकाय र सरकारले वास्ता नगर्ने हो भने अर्को १० बर्षमा २०० तिरेर पनि खेल हेर्ने दर्शक आउन मुस्किल हुनेछ ।

सीमित सुविधाको बाबजुत पनि खेलाडीहरूले चाहे सफलता हासिल गर्न सक्ने उदाहरण हेर्न अरु कतै जानै पर्दैन, नेपाली क्रिकेट टिमलाई हेरे पुग्छ । अहिलेभन्दा १५/१६ वर्ष अगाडि फुटबलको तुलनामा क्रिकेटमा लगानी धेरै थिएन । त्यो बेला फुटबलमा ए डिभिजन लिग विजेतालाई १ करोड सम्मको नगद पुरस्कार थियो तर क्रिकेटमा ५ लाख पुरस्कार पनि हुन मुस्किल थियो ।

खेलाडीहरुले एउटै ब्याटले हरेक प्रतियोगिता धान्न पर्ने हुन्थ्यो । एस्पोजरको कुरा त कहाँ हो कहाँ । वर्षमा घरेलु र अन्तर्राष्ट्रिय गरेर १० देखि १५ खेल खेल्न पनि मुस्किल थियो ।

पछिल्लो २ दशकको नेपाली क्रिकेट टोलीमा रहेका खेलाडीले दिएको योगदान सोच्ने हो भने अहिले पनि मेरो शरीरमा काँडा उम्रिन्छ । फुटबलको तुलनामा हेर्ने हो भने नेपाली क्रिकेटको पूर्वाधार पहिलेदेखि नै न्यून छ ।

अहिले विस्तारै केही प्रगति हुँदैछ पूर्वाधारमा, जसको श्रेय जान्छ खेलाडीहरुलाई नै अनि यो टिमलाई 'लिड' गर्ने कप्तान पारस खड्कालाई ।

१०/१२ वर्ष अगाडि नेपाल टेलिभिजनको च्यानलको कुनामा सानो अक्षरमा स्कोर हेर्ने अवस्थाबाट अहिले अन्तर्राष्ट्रिय टिभी च्यानलमा हेर्न पाउने अवस्था सृजना भइसकेको छ ।

यो सबै खेलाडीको योगदान र त्यागकै कारण सम्भव भएको हो र यस्तै त्याग र योगदानको आवश्यकता नेपाली फुटबल खेलाडीमा पनि आवश्यक छ ।

विगत २ दशकदेखि अब अर्को खेलमा राम्रो गर्ला, अर्को प्रतियोगितामा राम्रो गर्ला भन्दाभन्दै यत्रो वर्ष बितिसक्यो तर फुटबलको स्तरको नै उन्नति त भएन भएन, झन् ओरालो लाग्दै गयो ।

मजस्तै विगत दशकौंदेखिको नेपाली फुटबलप्रतिको माया पनि घट्दै गएको छ।

एकातिर हामी फुटबल प्रेमीको नेपाली फुटबलप्रति आस्था घट्दै छ र अर्कोतिर नेपाली फुटबल टोलीमा खेलाडी घट्दै छ । दिनदिनै राष्ट्रिय फुटबल खेलाडीहरु विदेशिँदै छन् ।

पछिल्लो केही महिनादेखि विदेशिने क्रम बढे पनि न त एन्फाको ध्यानाकर्षण भएको छ, न त फुटबल खेलाडीले नै आफ्नो भविष्य सुनिश्चित भएको आभास गरेका छन् । पछिल्लो वर्षदेखि नेपाली फुटबल टिमको मुख्य खेलाडी रहेर खेलेका खेलाडी नै विदेशिएको देख्दा साह्रै नराम्रो लाग्ने रहेछ ।

उनीहरु विदेशिएका कारण अलिकति माथि छाडेको नेपाली फुटबल फेरि तलदेखि सुरु गर्नुपर्ने भएको छ ।

यदि त्यो बेला नेपाली क्रिकेट धानेका पारस खड्का, ज्ञानेन्द्र मल्ल, बिनोद दास, शक्ति गौचन, बसन्त रेग्मी लगायतका टिमले अहिले फुटबल खेलाडी जसरी विदेश पसेका भए अहिले नेपाली क्रिकेट कुन हालतमा हुने थियो, त्यो कल्पना पनि गर्न सकिन्न ।

राष्ट्रको लागि योगदान दिन नेपाली फुटबल टिमले क्रिकेट टोलीसँग सिक्न जरुरी छ । हैन भने दशरथ रंगशालाको दर्शकहरु विस्तारै टियु क्रिकेट ग्राउन्डतिर लाग्न थालइसके । खेलाडीले मात्र हैन एन्फाले पनि अब क्यानसँग पनि केही सिक्न पर्ने देखिएको छ ।

कुनै समय आइसिसीबाट निलम्बनमा परेको क्यान (क्रिकेट एसोसियसन अफ नेपाल) ले अहिले खेलाडीको भविष्य सुनिश्चितसँगै निरन्तर क्रिकेट लिग र अन्तर्राष्ट्रिय सिरिज गरिरहेको छ ।

शुक्रबारमात्रै सम्पन्न भएको प्रधानमन्त्री थ्री नेसन्स कप २०२३ आयोजना गर्नुमा एन्फाको मनसाय छर्लंग थियो । बस् एक आधिकारिकताको लागि मात्र गराइएको यस मैत्रीपूर्ण सिरिजमा यतिसम्म लापरबाही देखियो कि, फाइनलजस्तो खेलले फिफा अन्तर्राष्ट्रियको मान्यता पनि पाएन ।

मार्च २० देखि २८ सम्ममा फिफाले सार्वजनिक गरेको (अन्तरराष्ट्रिय विन्डो) को बेवास्ता गरी एन्फाले फाइनल खेल नै विन्डो बाहिर राख्यो ।

फिफा वरीयतामा नेपालभन्दा निकै तल रहेका दुई राष्ट्रलाई सम्मिलित गरेर एन्फाले सिरिज राख्यो र तिनै कमजोर मानिएको टिमविरूद्ध पनि नेपालले संघर्ष गरेको देखियो ।

नेपाली टोलीको प्रदर्शन सन्तोषजनक नै थियो, तर १५ वर्ष अगाडि सोचको प्रदर्शन यो हैन नेपाली फुटबलको। योभन्दा स्तरीय टोलीसँग योभन्दा स्तरीय प्रदर्शनको आशा थियो हामी सबैलाई ।

नेपाली टोलीले यस थ्री नेसन्स कप त जित्यो, तर पनि कता कता चित्त बुझेकै छैन। न त दशरथ रंगशालामा उल्लेखनीय दर्शकको उपस्थिति नै थियो ।

आधिकारिक रूपमा १८ हजार दर्शक क्षमता रहेको दशरथ रंगशालामा आज फाइनल खेल हेर्ने दर्शकको संख्या करिब ९,००० रहेको आधिकारिक जानकारी कमेन्टेटरले जनाएका थिए ।

तर बिदा नहुँदा पनि केही दिन अगाडि क्रिकेटमा नेपालविरुद्ध युएईको खेल हेर्ने दर्शकको घुइँचो बयान गरी साध्य छैन । अनौपचारिक रूपमा करिब १५ हजार दर्शक क्षमता रहेको टियु मैदानमा बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्ममा खेल हेर्ने दर्शकको संख्या ३० हजारको आसपास थियो ।


रूखमा चढेर खेल हेर्नेको संख्या नै करिब एक सय थिए होला । आखिर दिनभरिको चर्को घाममा, त्यही पनि चिसो माटोको भुइँमा बसेर हेर्न टियु दर्शक आउँछन् भने २ घण्टामात्र समय दिएर फुटबल टिमलाई सुविधा सम्पन्न दशरथ रंगशालामा किन आउन छाडे त ? यसको उत्तर सायद हामी धेरैलाई थाहा नै होला र एन्फा र सम्बन्धित निकायलाई पनि थाहा होला ।

यदि अब पनि एन्फाले खेलाडीको भविष्य र वर्तमानको सुनिश्चितताको जिम्मा नलिने र खेलाडीहरूले पनि आफू जिम्मेवार हुन खोजेनन् भने नेपाली फुटबलको ओरालो लाग्ने क्रमले अर्को गियर समात्नेछ ।

एन्फा र खेलाडीको गैरजिम्मेवारीको सिकार भनेको नेपाली फुटबलले छिट्टै नै निकास पाओस् र नेपाली फुटबलको क्रेज पुनः फर्कियोस् भन्ने आशा गरेको छु ।

*(स्रोत: सेतोपाटी)*

# के हुन्छ ? जब बच्चालाई जतिबेला पनि प्रशंसा गरिन्छ



**उत्कर्ष कार्की, बाल मनोचिकित्सक**

'अहो, तिमीले कति राम्रो गरेको ।'

'मेरो बच्चा कति ज्ञानी ।'

'मेरो बच्चाले अरुले जस्तो दु:ख दिंदैन ।'

'तिमी धेरै जान्ने छौ ।'

हरेक आमाबुवा चाहन्छन्, आफ्ना बालबच्चाको अनुहार सधैं उज्यालो होस् । सधैं हाँसीखुसी होस् । त्यसैले उनीहरुलाई कसरी खुसी बनाउने भन्ने बहाना खोजिरहेका हुन्छौं हामी । हाम्रा बालबच्चा के गर्दा खुसी हुन्छन् ? के गर्दा उनीहरुको अनुहारमा मुस्कान छाउँछ ?



सजिलो सूत्र हो, प्रशंसा ।

### पाइला-पाइलामा प्रशंसा

जब बच्चाको प्रशंसा गर्न थालिन्छ, उनीहरु मख्ख पर्छन् । मनैबाट खुसी हुन्छन् । उनीहरुको खुसीले हामीलाई पनि खुसी तुल्याउँछ । यद्यपि यहाँ आइपुगेपछि हामी के गल्ती गर्छौं भने बच्चालाई खुसी राख्न हरदम प्रशंसा गरिदिन्छौं ।

बच्चालाई खुसी देख्न जतिबेला पनि हामी उनीहरुको प्रशंसा गर्न थाल्छौं । यसले क्षणिक रुपमा त उनीहरुलाई खुसी बनाउँछ तर यससँगै खराब मनोविज्ञानले पनि प्रश्रय पाउन थाल्छ । नतिजा के हुन्छ भने उनीहरु सधैं प्रशंसाको भोको हुन थाल्छन् । राम्ररी भात खाइदिए पनि आमाबुवाको प्रशंसा चाहिने, गृहकार्य गरे पनि आमाबुवाको प्रशंसा चाहिने, खेलौना मिलाएर राखे पनि प्रशंसा चाहिने ।

यस्तो अवस्थामा उनीहरुलाई पाइला-पाइलामा प्रशंसा गरिरहनुपर्ने हुन्छ। यो मनोविज्ञान बाल्यकालमा सीमित रहँदैन । उनीहरु हुर्कंदै जाँदा पनि यसको धङधङीले छाड्दैन । अनि सधैंभर उनीहरु प्रशंसाको भोको बन्न पुग्छन् ।

### प्रत्युत्पादक प्रशंसा

कसैलाई कुनै कामका लागि प्रशंसा गरिन्छ भने त्यसले उनलाई हौसला प्रदान गर्छ । प्रेरणा र ऊर्जा पनि प्रदान गर्छ । तर उनीहरुलाई लाग्नुपर्छ आफूले गरेको काम सही थियो, सही ढंगले गरिएको थियो । आफ्नो बल, विवेक, ढंग, मेहनत र परिश्रमले कुनै काम गरेवापत प्रशंसा पाइयो । यस्तो प्रशंसाले आफ्नो काममा थप प्रेरणा मिल्छ । ...बाँकी पृष्ठ ३ मा

# संघसंस्थाहरुको समन्वयात्मक बैठक

समाज संवाददाता

हेटौंडाः सामाजिक संघसंस्थाहरुको समन्वयात्मक बैठक सम्पन्न भएको छ । मकवानपुर जिल्लामा दर्ता भएका र मकवानपुर कार्यक्षेत्र बनाएर काम गर्ने संघसंस्थाहरुको समन्वयात्मक बैठक भएको हो ।

सोमबार जिल्ला प्रशासन कार्यालय मकवानपुरले आयोजना गरेको कार्यक्रममा संघसंस्थाहरुको समस्या, समस्याको समाधान, कार्यक्षेत्रलगायतका विषयमा छलफल भएको छ । प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठकमा ५० संघसंस्थाहरुको सहभागिता रहेको थियो । प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले संघसंस्थाहरुले पारदर्शिताका साथ काम गर्नुपर्ने बताउनुहुँदै संस्थाहरु समन्वय र प्रक्रियागत ठंगले अघि बढ्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा बालबालिका, लागूऔषधलगायत विभिन्न विषयमा छलफल गरिएको थियो ।

## के हुन्छ ? जब...

तर जुनसुकै बेला प्रशंसा मात्र गरिरहँदा त्यसको मूल्य मात्र घट्ने होइन यसले उल्टो नतिजा दिन थाल्छ । चाहिने-नचाहिने अवस्थामा प्रशंसा गर्दा उनीहरुमा अहंकार, दम्भ विकास हुन थाल्छ । अनि आफूले गरेको काम सबै सही हो भन्ने भ्रम पर्न थाल्छ ।

जे गर्दा पनि आमाबुवाले 'वाह', 'स्याबास्', 'राम्रो' मात्र भनिदिएपछि उनीहरुले नराम्रो र राम्रोको भेद पनि छुट्याउन सक्दैनन् । त्यसैले जे गर्दा पनि हुन्छ भन्ने मनोविज्ञान विकास हुन थाल्छ । यसले उनीहरुलाई खुसी होइन, बरु घमण्डी एवं अहंकारी बनाउने जोखिम हुन्छ ।

### प्रंशसा होस् पुरस्कार

आम मनोविज्ञान के हुन्छ भने सहजै प्राप्त हुने कुरालाई खास भाउ नदिने । जब कुनै कुरा कठिनतापूर्वक प्राप्त हुन्छ, त्यसको भने खास मोल हुन्छ । प्रशंसाको हकमा पनि यो लागु हुन्छ ।

यदि हामी आफ्ना बालबच्चालाई जुनसुकै बेला प्रशंसा मात्र गरिरहन्छौं भने यस्तो प्रशंसाको मोल पनि घट्दै जान्छ । मानौं, उनीहरुले कुनै दिन ठूलै उपलब्धि हासिल गर्‍यो भने के गर्ने ? प्रशंसा मात्र गरेर त उनीहरु अघाउँदैनन् । सानोतिनो काममा पनि त प्रशंसा त पाइन्थ्यो नि भन्ने कुरा उनीहरुमा छाप परिसकेको हुन्छ ।

यसको अर्थ के हो भने हामीले बालबच्चालाई जुन प्रशंसा गर्छौं, त्यसको पनि मूल्य बढाउनुपर्छ । उनीहरुले जुन काम कठिनतापूर्वक, मेहनतसाथ, बुद्धिमता ढंगले गरेका छन् त्यस क्षण मात्र उनीहरुको प्रशंसा गर्नुपर्छ । यसले गर्दा उनीहरुलाई बुवाआमाको प्रशंसा पनि ठूलै पुरस्कार जस्तो महत्व हुन्छ । किनभने दुर्लभ कुराको महत्व सधैं नै हुन्छ ।

### गल्तीलाई पनि हाँसेर स्वीकार नगरौं

बच्चालाई तारिफ मात्र गर्ने होइन, उनीहरुलाई गलत कुराको बोध पनि गराउनुपर्छ । जब उनीहरुले नचाहिने काम गर्छन् वा चाहिने काम गर्दैनन्, त्यस्तो बेला उनीहरुलाई सो कुरा किन गलत थियो भनेर सिकाउनु जरुरी हुन्छ ।

जब बच्चाले कुनै गलत काम गर्छन्, बुवाआमाले त्यो गलत हो भनिदिएनन् भने उनीहरु गलत र सही कामको मूल्यांकन गर्न सक्दैनन् । 'मैले जे गरे पनि छुट हुन्छ,' भन्ने मनोविज्ञानले उनीहरुलाई ग्रस्त बनाउँछ । त्यसैले बच्चाले कुनै गलत काम गरेमा हाँसेर टार्ने भन्दा पनि त्यसबारे उनीहरुलाई बोध गराउनु जरुरी हुन्छ ।

(कान्ति चिल्ड्रेन अस्पतालका बाल मनोचिकित्सक कार्कीसँगको कुराकानीमा आधारित/स्रोतः अनलाईनखबर)


## श्री सीता आधारभूत विद्यालय

बागमती–६, ठाडीखोला

**शिक्षक आवश्यकता**

*सूचना प्रकाशित मिति २०७९/१२/२१ गते*

बागमती गाउँपलिकाको कार्यालय ठाडीखोला मकवानपुरको मिति २०७९/१२/१९ को च.नं. १६८४ को अनुदान शिक्षक पदपूर्तिका लागी अनुमतिपत्र अनुसार यस विद्यालयमा प्राप्त नि.मा.वि. तहको विज्ञान अनुदान कोटामा खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः-**
**विज्ञापन नं.- ०१/२०७९/२०८०**
तहः– नि.मा.वि. विज्ञान ।
दरबन्दीको प्रकारः– अनुदान कोटा ।
नियुक्तिको प्रकारः– करार ।
संख्याः– १ (एक) ।
योग्यताः– मुख्य विषय विज्ञान लिइ १२ वा सो सरह उत्तिर्ण गरेको हुनुपर्ने ।
उमेरः– १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
तलब भत्ताः– नेपाल सरकारले तोके बमोजिम ।
निवेदन दस्तुतः– १,५००/–
दरखास्त दिने अन्तिम मितिः– २०८०/०१/०५ गते ४:०० बजे सम्म ।
सम्पर्क मितिः– २०८०/०१/०५ परीक्षा मिति सम्पर्क मितिमा तोकिने छ ।
परीक्षाको किसिमः– लिखित/अन्तरवार्ता (नयाँ पाठ्यक्रम अनुसार हुने ।)
दरखास्त बुझाउने स्थानः– श्री सीता आधारभूत विद्यालय, ठाडीखोला

**आवश्यक कागजपत्रहरुः-**
- शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपीहरु २/२ प्रति ।
- नागरिकता र अध्यापन अनुमतिपत्रको प्रतिलिपीहरु २/२ प्रति ।

हस्तलिखित निवेदन २/२ प्रति फाइलमा हुनुपर्ने ।

**थप जानकारीको लागी**

**अध्यक्ष (राम बहादुर दर्लामी) ९८४०८४९८७०, प्र.अ (राजन कुमार आले) ९८४५५३७६७६**

## श्री टंकेश्वर आधारभूत विद्यालय

बागमती–१, करौंजे, मकवानपुर

**शिक्षक आवश्यकता**

*सूचना प्रकाशित मिति २०७९/१२/२१ गते*

बागमती गाउँपालिकाको कार्यालय करौंजे मकवानपुरको मिति २०७९/१२/१७ को च.नं. १६८५ को अनुदान शिक्षक पदपूर्तिका लागी अनुमति पत्र अनुसार यस विद्यालयमा प्राप्त निमावि तहको गणित विषयको अनुदान कोटामा खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वक दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः-**
विज्ञापन नं.– ०१/२०७९/२०८०
तहः– निमावि गणित ।
दरबन्दीको प्रकारः– अनुदान कोटा ।
नियुक्तिको प्रकारः– करार ।
संख्याः– १ (एक) ।
योग्यताः– मुख्य विषय गणित लिइ १२ वा सो सरह उत्तिर्ण गरेको हुनुपर्ने ।
उमेरः– १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
तलब भत्ताः– नेपाल सरकारले तोके बमोजिम ।
निवेदन दस्तुतः– १,५००/–
दर्खास्त दिने अन्तिम मितिः– २०८०/०१/०५ गते ३:०० बजेसम्म ।
सम्पर्क मितिः– २०८०/०१/०५ परीक्षा मिति सम्पर्क मितिमा तोकिने छ ।
परीक्षाको किसिमः– लिखित/अन्तरवार्ता (नयाँ पाठ्यक्रम अनुसार हुने ।)

**आवश्यक कागजपत्रहरुः-**
- शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपीहरु २/२ प्रति ।
- नागरिकता र अध्यापन अनुमतिपत्रको प्रतिलिपीहरु २/२ प्रति ।
- हस्तलिखित निवेदन २/२ प्रति फाइलमा हुनुपर्ने ।

सम्पर्कः– वि.व्य.स. ९८४०८४९३८१, प्र.अ. ९८६००३६४५४

## मकवानपुर बालविद्या सदन

**हेटौंडा-१८, खड्कुले**

# "हार्दिक शुभकामना"



*यस विद्यालयको प्रतिनिधित्व गर्दै २०७९ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई)मा आजबाट सहभागी सम्पूर्ण विद्यार्थी भाइबहिनीहरुलाई उत्कृष्ट प्रस्तुतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।*

**सुदिप राज गिरी**
**अध्यक्ष**
**विद्यालय व्यवस्थापन समिति**

**कृष्ण बहादुर अधिकारी**
**अध्यक्ष**
**शिक्षक अभिभावक संघ**

**एवम्**

**मकवानपुर बालविद्या सदन मावि परिवार**

**हेटौंडा-१८, खड्कुले**

नेपाल सरकार
गृह मन्त्रालय
बढुवा समितिको सचिवालय
जिल्ला प्रशासन कार्यालय, मकवानपुर

**कम्प्युटर अपरेटर बढुवा सम्बन्धी सूचना**

*प्रथम पटक प्रकाशित मिति २०७९/१२/२१ गते*

उच्च सरकारी वकील कार्यालय, मकवानपुरमा रिक्त रहेको विविध सेवा, रा.प.अनं. प्रथम श्रेणी, कम्प्युटर अपरेटर पद संख्या-१ (एक) मा लोक सेवा आयोग, काठमाडौं कार्यालय (प्रशासन तथा निरीक्षण शाखा) अनामनगर, काठमाडौंको प.सं. २०७९/०८०, च.नं.६१८, मिति २०७९/१०/२५ गतेको पत्रबाट प्रतिशत निर्धारण भई मिति २०७९/१०/२५ मा गोरखापत्रमा प्रकाशित जेष्ठता र कार्यसम्पादनको मूल्यांकनद्वारा हुने बढुवाको सूचना नं. ३६३/०७९-८० अनुसार जेष्ठता र कार्यसम्पादनको मूल्यांकनद्वारा हुने बढुवाको पदपूर्तिका लागि मिति २०७९/१२/२० गते बसेको बढुवा समितिको निर्णयानुसार जेष्ठता र कार्य सम्पादन मूल्याकंनद्वारा देहायका उम्मेदवारलाई बढुवाको लागि सिफारिस गर्ने निर्णय गरिएको हुँदा निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) दफा २४ को (च) तथा निजामती सेवा नियमावली, २०५० (संशोधन सहित) को नियम ८४ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहायः-

| योग्यताक्रम नं. | कर्मचारी संकेत नं. | उम्मेदवारको नामथर | हाल कार्यरत कार्यालय | बढुवा सिफारिस भई जाने कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १. | २३४१७२ | मिलन सापकोटा | प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, हेटौंडा | उच्च सरकारी वकील कार्यालय, मकवानपुर | |

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**
**हेटौंडा रिफरेन्स ल्यावरोटरी,**
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७




## मकवानपुर सहकारी अस्पतालमा मनोचिकित्सक

मणिपाल कलेजबाट मानसिक स्वास्थ्य विषयमा एमडी गर्नुभई चितवन मेडिकल कलेजमा कार्यरत डा. उद्धव लामा यही हरेक महिनाको तेस्रो शनिबार मकवानपुर सहकारी अस्पतालमा आउनुहुँदैछ । मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएकाको स्वास्थ्य परीक्षण तथा उपचारका लागि अनुरोध गरिन्छ ।

**मकवानपुर सहकारी अस्पताल**
**हेटौंडा-१, भिन्तुनापथ**
**०५७-५२६५८७**

# उपाध्यक्ष कप भलिबलको उपाधि ५ नम्बर वडालाई

समाज संवाददाता

हेटौंडा: मकवानपुरको कैलाश गाउँपालिकामा आयोजना भएको पहिलो संस्करणको उपाध्यक्ष कप पुरुष भलिबल प्रतियोगिताको उपाधि ५ नम्बर वडाले जितेको छ । सोमबार कैलाश-३, कालिकाटारमा भएको फाइनल खेलमा वडा नम्बर १० लाई ३-० को सोझो सेटले पराजित गर्दै ५ नम्बरले उपाधि जितेको कैलाश खेलकुद विकास समितिका सदस्य रवीन्द्र थिङले जानकारी दिनुभयो ।

उपाधिसँगै ५ नम्बर वडाले ट्रफीसहित नगद ६० हजार रुपैयाँ प्राप्त गरेको छ । उपविजेता बनेको १० नम्बर वडाले ४० हजार रुपैयाँमा चित्त बुझाएको छ । सोमबार बिहान भएको सेमिफाइनल खेलमा ५ नम्बर वडाले १ नम्बर वडालाई ३-० को सोझो सेटले हराउँदै फाइनल प्रवेश गरेको थियो भने १० नम्बर वडाले ३ नम्बर वडालाई ३-१ सेटले हराउँदै फाइनल प्रवेश गरेको थियो ।

प्रतियोगितामा १ नम्बर वडा तृतीय भएको छ । ३ नम्बर वडालाई सोझो सेटले पराजित गर्दै १ नम्बर वडा तृतीय भएको हो । तृतीय भएको १ नम्बरले २० हजार रुपैयाँ प्राप्त गरेको छ भने सान्त्वना ३ नम्बर वडाले नगद १० हजार रुपैयाँ प्राप्त गरेको छ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी ५ नम्बरका धिरज लो घोषित भए । यस्तै, उत्कृष्ट स्पाइकर १ नम्बरका विकास मोक्तान, उत्कृष्ट डिफेन्स ५ नम्बरका विजय तितुङ, उदयमान खेलाडीहरुमा ९ नम्बरका धावा ब्लोन र १० नम्बर वडाका पासाङ सिंतान घोषित भए । ५ नम्बरका टुल्कु तितुङ उत्कृष्ट प्रशिक्षक घोषित भए ।

विधागत उत्कृष्ट सम्पूर्णलाई ट्रफी प्रदान गरिएको छ । लिगकम नकआउटका आधारमा शनिबारबाट सुरु भएको प्रतियोगितामा पालिकाका ६ नम्बर वडाबाहेक अन्य ९ वडाले सहभागिता जनाएको थियो ।

कैलाश खेलकुद विकास समितिका अध्यक्ष मोहन वाइबाको सभाध्यक्ष तथा बागमती प्रदेश सरकारकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा भएको प्रतियोगिता समापन कार्यक्रममा कैलाश गाउँपालिकाका अध्यक्ष लोकबहादुर मोक्तान, उपाध्यक्ष बालकुमार मल्ललगायत वडाध्यक्षहरुको सहभागिता रहेको थियो ।

# महिला जनप्रतिनिधिलाई क्षमता विकास तालिम

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगर पालिकामा निर्वाचित भएका महिला जनप्रतिनिधिका लागि नेतृत्व तथा क्षमता विकास तालिम सुरु भएको छ । हेटौंडा उपमहानगरपालिका महिला तथा बालबालिका महाशाखाको आयोजनामा सुरु भएको तालिमको उपमहानगरका कार्यवाहक नगरप्रमुख राजेश बानियाँले सोमबार उद्घाटन गर्नुभयो ।

तालिमको उद्घाटन गर्नुहुँदै कार्यवाहक नगरप्रमुख बानियाँले तालिममा सहभागी महिला जनप्रतिनिधिको नेतृत्व तथा क्षमता विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले यस्ता तालिमले भोलिका दिनमा सामाजिक नेतृत्वका हिसाबले अघि बढ्न मद्दत पुग्ने बताउनुभयो । सामाजिक विकास समितिमा संयोजक तथा हेटौंडा १६ का अध्यक्ष रामकृष्ण कोइरालाको अध्यक्षतामा भएको तालिममा हेटौंडा-२ का वडा अध्यक्ष बिष्णुगोपाल महर्जन, उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत शिबराज चौलागाई, महिला तथा बालबालिका महाशाखा प्रमुख बिष्णुकुमारी लामिछानेको उपस्थिति रहेको थियो ।

तालिम ५ दिनसम्म हेटौंडाको गैर सरकारी संस्था महासंघको हलमा सञ्चालन हुने छ । तालिममा सहभागितालाई प्रमुख प्रशिक्षक सोनालाल चौधरी, सहायक प्रशिक्षक अशोक कुमार कामतीले सहजीकरण गर्नुहुनेछ । तालिममा भाषणकला, उद्घोषण कला, जनतालाई वडाबाट दिने सुबिधाक्रममा अवलम्बन गर्ने स्वभाव, व्यवहार, वडामा हुने योजना तर्जुमा र कार्यान्वयनसहित व्यक्तित्व विकासका लागि आवश्यक विषयका बारेमा सहजीकरण गर्ने बताइएको छ । त्यस्तै तालिमका क्रममा हेटौंडा उपमहानगरका विभिन्न महाशाखा र शाखाले दिने सेवा र तिनका प्रक्रियाका बारेमा महाशाखा तथा शाखा प्रमुखले सहजीकरण गर्ने महिला तथा बालबालिका महाशाखा प्रमुख बिष्णुकुमारी लामिछानेले जानकारी दिनुभएको छ ।

# कृत्रिम गर्भाधान र खोप बन्द गर्ने निर्णय

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगर क्षेत्रका विभिन्न वडाहरुमा देखिएको पानीको फोका जस्तो देखिने गरी पशुको छालामा डाबर निस्कने 'लम पी स्किन' को संक्रमण नियन्त्रणका लागि प्रभावित क्षेत्रमा कृत्रिम गर्भाधान र खोप कार्यक्रम बन्द गरिने भएको छ । उपमहानगर पालिका कृषि शाखाको समन्वयमा सोमबार बसेको निजी क्षेत्रका पशु प्राविधिकसँगको बैठकले रोग प्रभावित नगरका पाँच वटा वडामा आकस्मिक उपचार सुविधा बाहेकका अन्य सबै कार्यहरु बन्द गर्ने निर्णय गरेको हो ।

बैठकले रोगको नियन्त्रणका लागि पशु प्राविधिकले सुरक्षित भएर काम गर्ने, पशु गर्भाधानका लागि गरिँदै आएको कृत्रिम गर्भाधान सुविधा बन्द गर्ने, विज्ञ केन्द्रबाट प्राप्त भएको खोरेत रोग नियन्त्रणका लागि प्रयोग हुने (एफएमडी) खोप नगर क्षेत्रमा नलगाउने निर्णय भएको शाखा प्रमुख गंगा चौलागाईले जानकारी दिनुभएको छ । उहाँका अनुसार नगरको ७, ११, १२, १७ र १८ नम्बर वडामा किसानले पालेको गाई र भैसीमा 'लम पी स्किन' रोगको संक्रमण फेला परेसँगै सचेतना अपनाउने र रोगको नियन्त्रणका लागि काम गर्ने निर्णय गरिएको हो । रोगका कारण पशुको ह्याकुला, पेटमा पानी जम्ने, खुट्टाको हाडजोर्नी सुन्निने, दुध उत्पादन घट्दै जाने, पशुमा ज्वरोको मात्रा उच्च हुने जस्ता लक्षण देखिने शाखाले जनाएको छ ।

शाखाले रोगको नियन्त्रणका लागि प्रभावित क्षेत्रका गाई/भैंसी खरिद बिक्री तथा ओसारपसार नगर्न, रोगी पशुलाई अलग राखी उपचारमा लाग्न, पशुलाई बाहिर चराउनका लागि नलैजान आग्रह गरेको छ । बैठकमा कृषि शाखा गंगा चौलागाई, डा. अनुसा लम्साल, सहायक पशु विकास अधिकृत कृष्णप्रसाद भट्टराईसहित पशुसेवा केन्द्रका प्रमुख तथा निजी पशु प्राबिधिकहरु सहभागी थिए ।

## हार्दिक बधाई



मकवानपुर घरजग्गा व्यवसायी संघका अध्यक्ष मेरो सह्रदय मित्र तथा दाजु **ध्रुव घिमिरे** ज्यु **नेपाल जग्गा तथा आवास विकास महासंघको प्रथम अधिवेसनबाट** महासचिव जस्तो गरिमामय पदमा सर्वसम्मत निर्वाचित हुनुभएकोमा हार्दिक बधाई दिँदै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

**राजकुमार बानियाँ**
**दक्षिणा रियल स्ट्रेट एण्ड हाउजिङ प्रा.लि**
**हेटौंडा -२, मानसचोक**

# टोल विकासका कोषाध्यक्षहरुलाई तालिम

समाज संवाददाता

हेटौंडा: टोल विकास संस्थाका कोषाध्यक्षहरुका लागि लेखा व्यवस्थापन तालिम सुरु भएको छ । हेटौंडा उपमहानगर पालिका वडा नम्बर १९ का वडा अध्यक्ष नरनाथ सुवेदीको प्रमुख आतिथ्य तथा टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष ध्रुबप्रसाद अधिकारीको अध्यक्षतामा सोमबारबाट तालिम सुरु भएको हो ।

हेटौंडा उपमहानगरपालिका वडा नम्बर १९ मा सुरु भएको लेखा व्यवस्थापन तालिम टोल विकास संस्था नगर समन्वय समिति र हेटौंडा उपमहानगरपालिकाको आयोजना तथा टोल विकास संस्था वडा समन्वय समितिको व्यवस्थापनमा भएको अध्यक्ष अधिकारीले बताउनुभयो । उहाँका अनुसार वडा नम्बर ३ र १९ को टोल विकास संस्थाका कोषाध्यक्षहरु तालिममा सहभागी छन् । ३ दिने लेखा व्यवस्थापन तालिममा वडा नम्बर ३ बाट १७ जना र वडा नम्बर १९ बाट १५ जनाको सहभागिता रहेको छ ।

# दुईजना मृत फेला, दुईजनाको भीरबाट लडेर मृत्यु

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशको नुवाकोट र धादिङ जिल्लामा दुईजनाको शव बरामद भएको छ भने सिन्धुपाल्चोक र दोलखा जिल्लामा दुईजनाको भीरबाट लडेर मृत्यु भएको छ । नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिका-२ गाङब्राङ खोलामा एक जना मानिस मृत फेला परेका छन् । मृत फेला पर्ने दुप्चेश्वर बस्ने ५० वर्षीय दुर्गा तामाङ रहेको प्रहरीले जानकारी दिएको छ । तामाङ शनिबार ससुराली जान्छु भनी हिँडेकोमा सम्पर्कमा नआएपछि खोजतलास गर्दा आईतबार दिउँसो ४ बजेको समयमा खोलाको किनारमा मृत्त फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

यस्तै, धादिङ जिल्लाको गजुरी गाउँपालिका-६, बन्छेटारमा एकजना मानिस मृत फेला परेका छन् । मृत फेला पर्नेमा नामथर, ठेगाना नखुलेको ४० वर्षीय पुरुष रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । आईतबार दिउँसो २ बजे त्रिशुली नदिमा मृत फेला परेको शव मुचुल्का पश्चात पोष्टमार्टमका लागि प्राथमिक स्वास्थ्य केन्द्र गजुरी पठाइएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, सिन्धुपाल्चोक जिल्लाको बलेफी गाउँपालिका-४ डाँडागाउँमा भीरबाट लडेर एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा बलेफी बस्ने ६८ वर्षीय कामी सिंह तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । तामाङ शुक्रबार घरबाट गोरु बेचेको पैसा लिन गएकोमा घर नआएपछि खोजतलास गर्दा आईतबार साँझ ५ बजेको समयमा भीरबाट १० मिटर तल मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, दोलखा जिल्लाको कालिन्चोक गाउँपालिका-२ बाबरेमा भीरबाट लडेर एकजना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा कालिन्चोक बस्ने २२ वर्षीया गंगा थामी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । थामी आईतबार जंगलमा घाँस काट्ने क्रममा भीरबाट लडेर गम्भीर घाइते भएकी थिईन् । घाईते थामीलाई उपचारका लागि चरिकोट अस्पताल लगिएकोमा दिउँसो १२ बजे उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

## हार्दिक समवेदना



जन्म: २००४/१०/१०

**स्व. तारानाथ रिजाल**

स्वर्गारोहण: २०७९/१२/०९

यस संस्थाका सञ्चालक समितिका सदस्य वासुदेव रिजालका पुजनीय पिता **तारानाथ रिजाल**को असामयिक निधनको खबरले हामी मर्माहत भएका छौं । **आज १३ औं दिन**को पूण्यतिथिमा स्वर्गीय बुबाप्रति श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं । साथै यस दुखद् घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भरत अर्याल, प्रधानाध्यापक**
**एवम् बालज्योति मावि परिवार**
**हेटौंडा-५, पिप्ले**

## शैक्षिक सत्र २०८० का लागि

**नर्सरीदेखि कक्षा ९ सम्म**

भर्ना खुल्यो



विद्यार्थीमैत्री शिक्षा प्रदान गरिने, विद्यार्थीको सर्वाङ्गिण विकास हुने उपयुक्त वातावरण रहेको जानकारीसहित सम्पूर्ण अभिभावकमा निश्चिन्त भएर आफ्ना बाबुनानीलाई भर्ना गराउनुहुन अनुरोध गरिन्छ ।

**ज्ञानोदय बालबाटिका आवासीय मावि**
**हेटौंडा-५, पिप्ले**
**९८५५०६८९४०/९८०१०२९२०५**

# लागुऔषध कोरेक्ससहित मगर पक्राउ

समाज संवाददाता


हेटौंडा: मकवानपुर प्रहरीले लागुऔषध कोरेक्ससहित एक जनालाई पक्राउ गरेको छ । हेटौंडा-२, संगमचोकबाट लागुऔषधसहित हेटौंडा-५, पुष्पलालपार्क बस्ने प्रकाश कुमार मगरलाई प्रहरीले पक्राउ गरेको जनाएको छ ।

आइतबार साा‌झ ७ बजेको समयमा विशेष सूचनाको आधारमा संगमचोकमा डेरा गरी बस्ने ३० वर्षीय ईश्वर माहाजुको कोठाबाट ६३ थान लागुऔषध कोरेक्स फेला परेको प्रहरीले जनाएको छ । ईश्वर कोठामा नभेटिएको प्रहरीले जनाएको छ । ग ४ प ४४०८ नम्बरको मोटरसाइकलमा लागुऔषध खरिद गर्न आएका मगरलाई प्रहरीले पक्राउ गरेको जानकारी दिएको छ । मोटरसाइकल, लागुऔषध कोरेक्स र मगरलाई नियन्त्रणमा लिई अनुसन्धान कार्य भइरहेको प्रहरीले जानकारी दिएको छ । माहाजुको खोजी कार्य भइरहेको प्रहरीले जानकारी दिएको छ ।

**सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि**

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

## हार्दिक श्रद्धाञ्जली



जन्म: २००४/१०/१०

स्वर्गारोहण: २०७९/१२/०९

**स्व. तारानाथ रिजाल**

यस संस्थाका सञ्चालक समितिका सदस्य वासुदेव रिजालका पुजनीय पिता **तारानाथ रिजाल**को असामयिक निधनको खबरले हामी मर्माहत भएका छौं । **आज १३ औं दिन**को पूण्यतिथिमा स्वर्गीय बुबाप्रति श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं । साथै यस दुखद् घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

दीपक खड्का, (सचिव)

जिधराज ढकाल, (अध्यक्ष)

**एवम् ज्ञानदीप बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेड परिवार**
**हेटौंडा-५, मकवानपुर**

## स्वादिष्ट नेवारी खाजा

अब




होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ